## चौथो बैठक

आज मिति २०८१।०७।२९ गते बिहीबारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री भविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

### तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री भविलाल थापा | नगर प्रमुख | भुमिकास्थान नगरपालिका | |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उप-प्रमुख | भुमिकास्थान नगरपालिका | |
| ३. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १ | |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. २ | |
| ५. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ३ | |
| ६. | श्री बाबुराम पन्थी सुनार | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ४ | |
| ७. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ५ | |
| ८. | श्री प्रेम नारायण बेल्बासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ६ | |
| ९. | श्री रामचन्द्र ढुंगाना | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ७ | |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ८ | |
| ११. | श्री खेमराज चुंदाली | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ९ | |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १० | |
| १३. | श्री खुमा बेल्बासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १४. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | —— |
| १५. | श्री तिर्था बेल्बासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १६. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १७. | श्री विष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १८. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १९. | गिता जि.एम. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २०. | गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | —— |
| २१. | श्री जगदिश चन्द्र नेपाली | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत | भुमिकास्थान नगरपालिका | |

CamScanner

अन्य उपस्थिति :-

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| २२. | श्री हरिश्चन्द्र भुसाल | कार्यक्रम अधिकृत | भुमिकास्थान नगरपालिका | |
| २३. | श्री राम बहादुर थापा | कृषि अधिकृत | भुमिकास्थान नगरपालिका | |
| २४. | पुष्कर मिश्र | रोजगार संयोजक | भुमिकास्थान नगरपालिका | |
| २५. | शंकर अधिकारी | अधिकृत छैठौं | भुमिकास्थान नगरपालिका | |
| २६. | चिरन्जीवी भुसाल | सूचना प्रविधी अधिकृत | भुमिकास्थान नगरपालिका | |
| २७. | सुनिल पोखरेल | लेखा सहायक | भुमिकास्थान नगरपालिका | |

प्रस्तावहरु

१. समवेदना तथा स्थानीय विदा अनुमोदन सम्वन्धमा ।
२. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
३. सडकवोर्ड अन्तर्गत कार्यान्वयन हुने योजनाहरुको सहमति सम्वन्धमा ।
४. आइ. ई. ई. प्रतिवेदन सम्बन्धमा ।
५. टोल विकास संस्था गठन तथा परिचालन कार्यविधी, २०८१ सम्वन्धमा ।
६. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण आचार संहिता, २०८१ सम्वन्धमा
७. मौरी पकेट कार्यक्रम संचालन सम्बन्धमा ।
८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगारहरुको सूची प्रमाणीकरण सम्वन्धमा ।
९. कर्मशील जनशक्ति सम्वन्धी कार्यक्रम सम्बन्धमा ।
१०. बिविध

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा भुमिकास्थान नगरपालिका वडा नं. ५ र ६ को सिमाना उदयठाटीमा मिति २०८१ साल कार्तिक १९ गतेका दिन तिहारको अवसरमा भैली खेली रहेको अवस्थामा अकस्मात बसले ठक्कर दिई दुर्घटना हुंदा भुमिकास्थान नगरपालिका वडा नं. १ की रुमकला खनाल र यस कार्यालयको रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार सहायक श्री तारा श्रेष्ठको निधनबाट हाम्रो नगरपालिका स्तब्ध भएको छ । दुःखको यस घडीमा मृत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवार जनहरु प्रति कार्यपालिका बैठक समवेदना प्रकट गर्दै उक्त घटनामा परी घाईते हुने यस कार्यालयको एम आई एस अपरेटर गिता भाट क्षेत्री लगायतका सम्पूर्ण घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो । उक्त घटना पश्चात सिंगो नगरपालिका शोकमग्न भै रहेको अवस्थामा मिति २०८१ कार्तिक २१ गते कार्यालयले दिएको शोक विदा अनुमोदन गर्ने ।

**निर्णय नं. १ क) :** भुमिकास्थान नगरपालिकाको नगर प्रमुख स्तरीय निर्णयबाट मिति २०८१ कार्तिक २७ गते एकादशीको दिन दिएको स्थानीय विदालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** प्रस्ताव नं. २ माथि छलफल गर्दा अघिल्लो बैठकमा भएका निर्णयहरुको कार्यान्वयनको सन्दर्भमा व्यापक छलफल भयो र उक्त छलफलबाट अघिल्लो बैठकका निर्णहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम भएको पाईयो ।

- अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा कार्यसम्पन्न भै मूल्यांकन समेत भएका तर भूलवस भुक्तानी छुट भएका योजनाहरुको भुक्तानीको लागि भएको निर्णय बमोजिमको रकम भुक्तानी भएको ।
- भुमिकास्थान नगरपालिकाको नवप्रवर्द्धन कार्यक्रम अन्तर्गत कर्मशील जनशक्तिमार्फत बांकोजग्गामा उपयोग गरी उत्पादन गरेको मकै, पोस्कर , धान र परालको मूल्य निर्धारण गरीएकोमा कुल धानको परिमाण २८०० के. जी. भएकोमा प्रति के.जी. रु. ४५ रुपैया निर्धारण भए बमोजिम २८००. के.जी. बिक्री भै रु. १,२६,००० आम्दानी भएको र उत्पादित पराल हालसम्म बिक्री नभएको । यसै गरी सबै मकैको पोस्कर । एक ट्रक। निर्णय बमोजिम श्रीकृष्ण गौशालालाई कार्यालयबाटै ढुवानी गराई उपलब्ध गराईएको, हाल सम्म खायन मकै ए ग्रेडको ७०० के.जी. र बि ग्रेड १०० के.जी. बिक्री भएको जसबाट रु. ३०,५०० आम्दानी भएको ।
- भुमिकास्थान नगरपालिकाको घ बर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धि कार्यविधी, २०७५ को दफा २ को उपदफा (१) बमोजिम दरखास्त पेश भएको प्रजा निर्माण सेवा (प्रोप्राईटर- आशा चौधरी) भुमिकास्थान नगरपालिका -८ अर्घाखाचीलाई सोही कार्यविधीको दफा - २ को उपदफा (४) अनुरुप निर्माण व्यवसायको ईजाजतपत्र प्रदान गर्ने निर्णय भए बमोजिम ईजाजत पत्र उपलब्ध गराईएको ।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा सडकबोर्ड नेपाल, मिनभवन, काठमाण्डौको च.नं ४४० मिति २०८१/०६/१३ गतेको पत्रबाट भूमिकास्थान नगरपालिकाको लागि सडकबोर्ड नेपालबाट रु. ४९,००,०००। बजेट स्वीकृत भएकोले तहा नगरपालिकाबाट आयोजना छनौट गरी सहमतिको लागि पठाउन अनुरोध भै आएकोमा सडक बोर्ड नेपाल अन्तर्गतको बजेट र नगरपालिकाको म्याचिंग समेतको बजेटबाट कार्यान्वयन हुने गरी भूमिकास्थान नगरपालिकाका तपसिल बमोजिमका आयोजनाहरुमा देहाय बमोजिम बजेट विनियोजन गरी सहमतिको लागि सडक बोर्ड नेपाल, मिनभवन काठमाण्डौमा पठाउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | आयोजनाको नाम र ठेगाना | विनियोजित बजेट रु. | सडकबोर्ड नेपालले व्यहोर्ने रकम रु. | भूमिकास्थान नगरपालिकाको म्याचिंग रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | घाटाखोला- धारापानी- ढाकाबांग सडक मर्मत | २९००००० | १७००००० | १२००००० | |
| २ | नुवाकोट- खिल्जी - असुरकोट सडक मर्मत | २८०००००. | १६००००० | १२००००० | |
| ३ | नरपानी- ढिकुरा- नुवाकोट सडक मर्मत | २८००००० | १६००००० | १२००००० | |
| | जम्मा | ८५००००० | ४९००००० | ३६००००० | |

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्रभित्र पर्ने झिमुकखोला/दुर्वाङखोला र खाकावेशी खोलाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को म्यादको समय सीमा आ.व.२०८०/०८१ सम्ममात्र रहेकोमा उक्त खोलाहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने प्रयोजनका लागि यस नगरपालिकाको स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधी, २०७९ बमोजिम लुम्बिनी सामाजिक विकास केन्द्र, सन्धिखर्क, अर्घाखाची, नामक परामर्शदाताबाट सम्बद्ध क्षेत्रको राय तथा परामर्श समेत संलग्न राखि तयार भई पेश भएको झिमुकखोला दुर्वाङखोला र खाकावेशी खोलाको आ.व.२०८१/०८२ र २०८२/०८३ को प्रारम्भिक वातावरणीय परीक्षण(IEE) को अन्तिम प्रतिवेदन स्वीकृतिका लागि पेश भई आएकोले भूमिकास्थान नगरपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधी, २०७९को दफा ७ बमोजिम स्वीकृत गर्ने निर्णय गरीयो साथै स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षणको अधिनमा रही तत्काल ठेक्का वन्दोवस्तीको प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको विधायन समितिको बैठकको निर्णयबाट स्वीकृतिको लागि सिफारिश भै आएको **टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धि कार्यविधी, २०८१** लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको विधायन समितिको बैठकको निर्णयबाट स्वीकृतिको लागि सिफारिश भै आएको भूमिकास्थान नगरपालिकाको **कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण आचार संहिता, २०८१** लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ माथि छलफल गर्दा संघीय सरकार सशर्त अनुदानबाट आर्थिक वर्ष २०८१/०८२ मा नयां मौरी पकेट विकास कार्यक्रम संचालन शिर्षकमा प्राप्त बजेटबाट कार्यक्रम कार्यान्वयन हुने गरी कार्यालयबाट प्रस्ताव आव्हावन गरिएकोमा भूमिकास्थान नगरपालिका वडा नं. १ र २ को गिठाखोलामा मौरी पकेट संचालन गर्न मापदण्ड पुरा भएको र प्रस्ताव पेश भएको वडा नं. ५ र ६ मा पुन फिल्ड भेरीफिकेसन गरी निर्णय लिने ।

**निर्णय नं. ८ :** प्रस्ताव नं. ८ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८१/०८२ को लागि सूचीकृत १८८९ जना बेरोजगारहरुको सूची प्रमाणीकरण गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रमको आर्थिक वर्ष २०८०/०८१ मा संचालित आयोजनामा ढुंगा गिट्टी बालुवाको रोयल्टी बापत बुझाउनु पर्ने बेरुजु रकमको बारेमा जानकारी भएको ।

**निर्णय नं. ९ :** प्रस्ताव नं. ९ माथि छलफल गर्दा नवप्रवर्द्धन कार्यक्रम अन्तर्गतको कर्मशील जनशक्ति रोजगार आयआर्जन सम्बन्धी भूमिकास्थान नगरपालिकामा तपसिल बमोजिम कार्यक्रमहरु संचालनमा रहेको विषय बैठकमा जानकारी भयो । नगरपालिकाको उदाहरणीय कार्यको रुपमा रहेको यस कार्यक्रमलाई थप प्रभावकारी बनाउन काममा निरन्तर संलग्न शाखाहरुलाई उत्प्रेरित गराउन जनप्रतिनिधीहरुले निरन्तर सुझाव सल्लाह र पृष्ठपोषण उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

- सीपमूलक कार्यक्रम संचालनको लागि EOI जारी भएको ।

CamScanner

- भूनपा ५ को चाकापाटामा अकबरे खुर्सानी उत्पादन ने रहेकामा हालसम्म जम्मा ५६० क्विन्टल खुर्सानी उत्पादन भै बिक्रीको क्रममा १५ के.जी. पोष्टहार्भेष्ट लोस भै ५४५ के.जी खुर्सानी बिक्री भै जम्मा रु. ६१,२८० को बिक्री भएकोमा रु ३०,६६० नगरपालिकाको आन्तरिक खातामा जम्मा भै सकेको ।
- भूनपा ५ चाकापाटाको बेंसी भागमा प्याजको सेट्स लगाएकोमा त्यसको उत्पादन लिने कार्य तत्काल गरिदै ।
- भूनपा ७ दुमीचौर र भूनपा ९ डेभामा मकैको बिउ उत्पादनको कार्य सम्पन्न भै सकेको जसमा बिउ मकै १५३६ के.जी. खापन मकै राम्रो (ए ग्रेड) १४५० र खापन मकै सामान्य (बि ग्रेड) १०० केजी उत्पादन भएको र हाल सम्म राम्रो (ए ग्रेड) ३०० के.जी. र सामान्य (बि ग्रेड) १०० के.जी. बिक्री भै जम्मा रु. ३०,५०० आम्दानी भएको ।
- भूनपा ७ दुमीचौरमा तोरीको बिउ तथा प्याज उत्पादनको लागि कार्य प्रारम्भ भै सकेको ।
- चाकाबेसीमा २८ क्विन्टल धान उत्पादन भै बिक्री समेत भै जम्मा रु. १,२६,०००। आम्दानी भएको तर पराल हालसम्म बिक्री नभएको ।
- भूनपा ९ डेभामा भटमास र कोदोको उत्पादन अन्तिम चरणमा रहेको ।
- नगरपालिका भवन पछाडीको जग्गामा प्याजको नर्सरी स्थापना गर्ने कार्य प्रारम्भ भै रहेको ।

निर्णय न. १० : भूमिकास्थान नगरपालिका भित्रका सडकहरुमा लाग्ने ठूला पशुहरुका मेलाहरुलाई सकेसम्म सडकमा नगरी खुल्ला र सुरक्षित ठाउमा सुरक्षित ढंगले गर्ने कार्यको व्यवस्थापन गर्ने निर्णय गरियो ।